**मालिका गाउँ कार्यपालिकाको ८४ औं बैठक/स्थान:अध्यक्ष ज्यूको कार्यकक्ष**

मिति २०८३ साल असोज महिनाको १५ गते बिहिवार

अध्यक्षता: श्रीमान् वेग प्रसाद गर्बुजा ज्यू ,गाउँपालिका अध्यक्ष

| क्र.सं. | नाम,थर | पद/कार्यालय | हस्ताक्षार |
|---|---|---|---|
| १. | श्री वेग प्रसाद गर्बुजा | अध्यक्ष, मालिका गा.पा. | |
| २. | श्री लक्ष्मी देवि घर्ति मगर पुन | उपाध्यक्ष,मालिका गा.पा. | |
| ३. | श्री मान सिं सापकोटा | का.वा.वडा अध्यक्ष, मालिका-१ | |
| ४. | श्री उदय कुमार बुढाथोकी | वडा अध्यक्ष,मालिका-२ | |
| ५. | श्री मोति प्रसाद बुढा | वडा अध्यक्ष,मालिका-३ | |
| ६. | श्री भजेन्द्रमान पुन | वडा अध्यक्ष,मालिका-४ | |
| ७. | श्री मिम पुन | वडा अध्यक्ष,मालिका-५ | |
| ८. | श्री पथ बहादुर रोका | वडा अध्यक्ष,मालिका-६ | |
| ९. | श्री टक बहादुर पुन | वडा अध्यक्ष,मालिका-७ | |
| १०. | श्री अनुप गौचन | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| ११. | श्री मन कुमारी पुन | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| १२. | श्री प्रतिक्षा वि.क. | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| १३. | श्री देवि पटेल | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| १४. | श्री छरदेवी घर्ती | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| १५. | श्री दल बहादुर खड्काथोकी | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| १६. | श्री हरिश्चन्द्र ढकाल | प्र.प.अ.,मालिका गा.पा. | |
| | **अन्य उपस्थिति** | | |
| १७. | आराम थापा मगर | प्रशासकीय अधिकृत | |
| १८. | बसन्त थापा मगर | सहायक प्रशासकीय अधिकृत | |
| १९. | | | |

## निर्णयहरु:

**प्रस्ताव नं.१ : मनसुनबाट क्षति भएका सडकहरु मर्मत सम्बन्धमा ।**

**निर्णय:** संवत् २०८३ साल असोज महिनाको ९, १० र ११ गते मालिका गाउँपालिका तथा नेपाल राज्यभर अविरल रुपमा परेको मनसुन वर्षाको कारण पालिका भित्रका ७ वटै वडाका सडक पुर्ण रुपमा क्षति भई सदरमुकाम तथा दरवाङ्ग वजार सँगको सडक सञ्जाल अवरुद्ध भएको र स्थानीयहरुको जनजिवनमा सहजता ल्याउन तथा नजिकिदै गरेको महान् चाड वडादशैलाई मध्यनजर गर्दै तत्काल क्षति/अवरुद्ध सडक खुलाउनु पर्ने भएको हुँदा पालिका भित्रका सडक तत्काल खुलाउन सोझै खरिद विधि (दरभाउपत्र माग गरी) अवलम्बन गर्ने तथा हुने खर्च नियमानुसार प्राविधिक लागत प्रतिवेदनका आधारमा सम्बन्धित वडाको विनियोजित बजेट शिर्षकबाट, अपुग रकम पालिकाको आकस्मिक विपद् कोष शिर्षकबाट उपलब्ध गराउने तथा तालुक निकायमा माग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.२ : शोक प्रस्ताव तथा राहत उपलब्ध सम्बन्धमा ।**

**निर्णय:** संवत् २०८३ साल असोज महिनाको ९ ,१० र ११ गते परेको अविरल बर्षाका कारण मालिका गाउँपालिका वडा न.३ निवासी चिरन पुन र देव बहादुर पुन अचानक माथिबाट आएको पहिरोमा परि र मालिका गाउँपालिका वडा नं.२ निवासी नरमाया रोका र दिल बहादुर पुन ताराखोला गा.पा.बाग्लुङ्गमा पहिरोमा परि मृत्यु भएको हुँदा दिवंगत आत्माहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस तथा दिवंगत आत्माको चिरशान्तिको कामना सहित हार्दिक समवेदना प्रकट गरियो । साथै जिल्ला प्रशासन कार्यालय बेनी म्याग्दीको च.नं.१००३ मिति २०८३/०६/१३ गतेको पत्र मार्फत अविरल बर्षा तथा विपद्का कारण मृतक तथा बेपत्ता भएका व्यक्तिहरुलाई गण्डकी प्रदेश विपद् व्यवस्थापन नियमावली २०७७ (संशोधन सहित) को नियम १४(३) बमोजिम राहत उपलब्ध गराउनु भनि भएको परिपत्रका सम्बन्धमा उल्लेखित विपद्मा परेका मृतकहरुको परिवारलाई ऐ.नियमावलीमा तोकिए बमोजिमको रकम निजका परिवारहरुलाई तत्काल उपलब्ध गराउने र जिल्ला विपद् व्यवस्थापन समितिमा शोधभर्ना माग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३: योजनाको म्याद थप सम्बन्धमा ।**

**निर्णय:** मालिका गाउँपालिका र तपसिलका निर्माण व्यवसायी बिच तपसिलका योजना कार्यान्वयन गर्ने गरी भएको कार्य सम्झौता बमोजिम २०८३ असार मसान्त सम्ममा कार्य सम्पन्न हुनु पर्नेमा कावु वाहिरको विषम् परिस्थिति तथा विविध कारण सहित आयोजनाको म्याद थप गरिदिनुहुन भनि पेश भएको निवेदनका सम्बन्धमा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (सोह्रौं शंशोधन) को नियम १२० बमोजिम तपसिल म्याद थप गर्ने निर्णय गरियो । साथै उल्लेखित योजनामा लाग्ने बजेटको सुनिश्चितता हिउँदे अधिवेशन मार्फत गर्ने निर्णय गरियो ।

| क्र. सं. | योजनाको विवरण | ठेक्का विवरण | कार्यान्वयन स्थल | निर्माण कम्पनिको विवरण | थप गरिएको समयावधि | कै. |
|---|---|---|---|---|---|---|
| १. | दरवाङ्ग बजार संरक्षण | MRM/MGD/NCB/W0RKS/208/083-04 | मालिका ६ | सापकोटा विल्डर्स प्रा.लि. | २०८३ पौष मसान्त सम्म | |
| २. | दरबाङ्ग बजार पिच दरबाङ्ग-दिच्याम-मालिका -रघुगंगा सडक | MRM/MGD/NCB/WORKS/2082/083-02 | मालिका ६ | सापकोटा विल्डर्स प्रा.लि. | २०८३ असोज मसान्त सम्म | |
| ३. | डाँडागाउँ स्वास्थ्य चौकी भवन निर्माण | MRM/MGD/NCB/WORKS/2081/082-03 | मालिका ३ | चट्टान निर्माण सेवा | २०८३ पौष मसान्त सम्म | |

**प्रस्ताव नं. ४: जरिवाना सम्बन्धमा ।**

**निर्णय:** मालिका गाउँपालिकाका उपाध्यक्ष एवम् राजश्व परामर्श समितिका संयोजक श्री लक्ष्मी देवि .घर्ति मगर पुन ज्युको संयोजकत्वमा मिति २०८३/०६/०५ गते बसेको समितिको बैठकले म्याग्दी नदीको भारबाङ्ग घाटबाट अवैध रुपमा नदिजन्य पदार्थ उत्खनन् गरेका व्यक्तिलाई जरिवाना लगाउन गरिएको सिफारिस स्वीकृत गर्ने निर्णय गरियो । साथै तत्काल जरिवाना वापतको रकम असुलिको कारबाही चलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ५: कृषि विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ सम्बन्धमा ।**

**निर्णय:** मालिका गाउँपालिका आर्थिक विकास समितिका संयोजक ज्यूमार्फत पेश हुन आएको मालिका गाउँपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ छलफल सहित स्वीकृत गरियो ।

**प्रस्ताव नं. ६: संगठन व्यवस्थापन सर्वेक्षण सम्बन्धमा ।**

**निर्णय:** संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड २०८३ को दफा ७ को १(इ) बमोजिम मालिका गाउँपालिकामा गठित संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिका संयोजक श्री हरिश्चन्द्र ढकाल ज्यूको संयोजत्वमा तयार पारिएको मालिका गाउँपालिको संगठन तथा व्यवस्थापन सर्वेक्षण २०८३ स्वीकार गरियो साथै मूल्याङ्कन/स्वीकृतिका लागि गण्डकी प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं.७ : खानेपानी पाइप सम्बन्धमा ।**

**निर्णय:** मनसुनजन्य विपद्बाट मालिका गाउँपालिकाका विभिन्न वस्तीहरुको खानेपानीको पाइप लाइन क्षति भई स्वच्छ खानेपानीको आपूर्तिबाट बञ्चित भएको अवस्था रहेको हुँदा सम्बन्धीत वस्तीको वडा तथा प्राविधिक सिफारिसका आधारमा गाउँपालिकाकाट खानेपानी पाइप खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं.८ : स्वास्थ्य उपचारर्थ आर्थिक सहयोग सम्बन्धमा ।**

**निर्णय:** मालिका गाउँपालिका वडा नं.६ निवासी रुक बहादुर सुनारको छोरा वर्ष २३ को विकास श्रीपालि २०८१ चैत्र महिनामा सवारी दुर्घटनामा परी गम्भिर घाइते भएको हाल शरिरमा भएको स्टिल निकाल्न तथा थप उपचारका लागि निजको आर्थिक अवस्था कमजोर भएको हुँदा उपचारार्थ रु १५ हजार आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।